**मुख्यमन्त्री**

**गण्डकी प्रदेश, नेपाल**

मितिः २०७५/१०/२१

# शुभकामना

तामाङ समुदायले नयाँ वर्षको रुपमा मनाउने साँस्कृतिक पर्व २८५५ औं सोनाम ल्होसारको उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण तामाङ समुदाय लगायत सबै दिदीवहिनी दाजुभाइप्रति सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, आपसी सद्भाव, एकता, भातृत्व एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सांस्कृतिक परम्पराको धनी नेपालका तामाङ समुदायले सदियौं देखि आफ्नो रीति, परम्परा र संस्कृतिको संरक्षण र सम्बर्धन गर्दै आइरहेको सन्दर्भमा सोनाम ल्होसारले छुट्टै मौलिकता, परम्परा र साँस्कृतिक महत्त्व राख्ने कुरामा विश्वास लिएको छु ।

लोकतान्त्रिक गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता र सामाजिक न्यायसहितको समानुपातिक समावेशी शासन व्यवस्था नेपाली जनताले लामो सङ्घर्षपछि प्राप्त गरेका उपलब्धी हुन् । बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक एवं भौगोलिक विविधताले भरिपूर्ण हाम्रो देश संविधानतः धर्मनिरपेक्ष राष्ट्र घोषणा भएको सन्दर्भमा यस्ता विविधतायुक्त धार्मिक एवं सांस्कृतिक चाडपर्वले सामाजिक एकता, सद्भाव, धार्मिक सहिष्णुता कायम राख्दै राष्ट्रिय एकतालाई अझै मजबुत बनाउन महत्त्वपूर्ण योगदान दिँदै आएका छन् । सोनाम ल्होसारले पनि विविध धर्म संस्कृति मान्ने सम्पूर्ण नेपालीका बीच आपसी सद्भाव, सामाजिक एकता र भातृत्व कायम गर्ने अपेक्षा लिएको छु ।

यस पर्वले सबै नेपाली बीच बन्धुत्व, प्रेम र एकताको भावना बढाई शान्त, समुन्नत तथा समृद्ध नेपाल बनाउन सबैमा प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु ।

(पृथ्वी सुब्बा गुरूङ)